**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०५ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बंगालको विधानसभा चुनावमा सानदार जित हासिल गर्दै इतिहास रचेको छ।
- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधान मन्त्री नरेन्द्र मोदीले पश्चिम बंगाल, असम, पुडुचेरी, तमिलनाडु र केरलाका जनता र पार्टी कार्यकर्ताहरूप्रति आभार व्यक्त गर्नु भयो।
- असममा सत्तारूढ़ भारतीय जनता पार्टीले विधानसभा को 126 सीट मध्ये भाजपाले अनि सहयोगी दलले 102 सीटे जीटेको छ भने कांग्रेसलाई 21 सीट प्राप्त भएको छ।
- तमिलनाडुमा विजयको पार्टी तमिलगा वेत्री कज़गम -टीवीकेले 108 सीट जीतेर इतिहास रचेको भने केरलाका युनाइटेड डेमोक्रेटिक फ्रन्ट (यूडीएफ) ले १०२ सिटमा भारी जित हासिल गरेको छ।
- आई.पी.एल. क्रिकेटमा मुम्बई इन्डियन्सले लखनऊ सुपर जायन्ट्सलाई छ विकेटले पराजित गरेको छ।
- वित्तीय सेवा विभाग- डीएफएस समीक्षा बैठक
- वित्तीय सेवा विभागले हिज सार्वजनिक क्षेत्र बीमा तथा पुनर्बीमा कम्पनीको भिजन रणनीति दस्तावेजको समीक्षा बैठक आयोजित गर्यो। बैठकमा तीन वर्षीय मध्यम अवधि र पञ्चवर्षीय दीर्घकालीन योजनाहरु बारे छलफल भएको थियो। डीएफएस सचिव एम नागराजुले कम्पनीहरूलाई उनीहरूको कार्यप्रणाली सुधार गर्न र उनीहरूको वित्तीय स्थिति बलियो बनाउन निर्देशन दिनु भयो।

.

**<u>चुनाव परिणाम</u>**

भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बंगालको विधानसभा चुनावमा सानदार जित हासिल गर्दै इतिहास रचेको छ। पार्टीले विधानसभाको २९४ सीटमध्ये २०६ सिटमा जित हासिल गर्दै स्पष्ट बहुमत प्राप्त गरेको छ। चुनावमा ममता बनर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेसले हारको सामना गर्नु परेको छ। पश्चिम बंगालमा भाजपाले स्वतन्त्रतापछि पहिलो पटक सरकार बनाउने भएको छ। तृणमूल कांग्रेसले ८१ सिटमा जित प्राप्त गरेको छ। वामपन्थीले दुई सिटमा जित हासिल गरेका छन्। भवानीपुर अनि नन्दिग्राम निर्वाचन क्षेत्रमा मुख्यमन्त्री तथा तृणमूलकी नेतृ ममता बनर्जीलाई हराउदै भाजपाका शुभेन्दु अधिकारीले जित हसिल गरेका छन्।

असममा सत्तारूढ़ भारतीय जनता पार्टी लगातार तीसरी बार सरकार बनाउने भएको छ। विधानसभा की 126 सीट मध्ये भाजपाले अनि सहयोगी दलले 102 सीटे जीटेको छ भने कांग्रेसलाई 21 सीट प्राप्त भएको छ।
जालुकबारी निर्वाचन क्षेत्रमा मुख्यमंत्री हेमंता बिस्वा सरमाले जीत दर्ता गर्नु भयो। उहाँले निकटतम प्रतिद्वंद्वी कांग्रेसका बिदिशा नियोगलाई 89 हजार 434 मतक्को अन्तरले पराजित गर्नु भयो। भारतीय जनता पार्टीका हितेन्द्र नाथ गोस्वामीले जोरहाट सीटबाट कांग्रेसका प्रदेश अध्यक्ष गौरव गोगोईलै हराएका छन्।

तमिलनाडुमा अभिनेताबाट राजनेता बनेका विजयको पार्टी तमिलगा वेत्री कज़गम -टीवीकेले गठन पछि भएको पहिलो चुनावमा 108 सीट जीटेर इतिहास रचेको छ अनि सबै भन्दा ठुलो पार्टी बनेको छ। टीवीके प्रमुख सी. जोसेफ विजयले पेरम्बूर र तिरुची पूर्व दुवै सिटमा जित हासिल गरे। 234 सदस्यीय विधानसभामा सत्तारूढ़ द्रविड़ मुनेत्र कड़गम -डीएमकेले 59 सीट हासिल गरे, जबकि उसको मुख्य प्रतिद्वंद्वी अखिल भारतीय अन्ना द्रविड़ मुन्नेत्र कज़गमले 47 सीट जीतेको छ। मुख्यमंत्री एम. के. स्टालिन चेन्नईको कोलाथुरमा टीवीके उम्मीदवार वी. एस. बाबूले झन्डै आठ हजार सात सय मतको अंतरले पराजित हुनु भयो। उहाँको छोरो तथा उपमुख्यमंत्री उदयनिधि स्टालिनले चेपॉक-तिरुवल्लिकेनी सीट यथावत राख्न सफल भए। अर्को तिर

भारतीय जनता पार्टी – भाजपाका केंद्रीय राज्य मंत्री एल. मुरुगन तिरुपुर जिल्लाको अविनाशी आरक्षित निर्वाचन क्षेत्रमा टीवीकेको कमाली एस. बाट पराजित भए । हाललिमा डीएमकेमा शामिल भएका पूर्व मुख्यमंत्री ओ. पन्नीरसेल्वमले बोदिनायकानूर निर्वाचन क्षेत्रबाट जीत दर्ता गरेका छन् ।

केरलाका सबै १४० सिटको मतपरिणाम सार्वजनिक भएको छ । युनाइटेड डेमोक्रेटिक फ्रन्ट (यूडीएफ) ले १०२ सिटमा भारी जित हासिल गरेको छ, जसले सत्तामा आफ्नो निर्णायक पुनरागमनको संकेत गरेको छ। कांग्रेसले ६३ सिट जितेको छ भने इन्डियन युनियन मुस्लिम लिग-आईयूएमएलले २२ सिट जितेको छ। राज्यभरि गठबन्धनको स्थिति बलियो छ।
भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)ले २६, भारतीय कम्युनिस्ट पार्टी (भाकपा) ले ८ र केरला कंग्रेसले ७ सिटमा जित हासिल गरेका छन् । भाजपाले राज्यमा तीन सिट जितेको छ । चार सिटमा स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका छन् ।
पुडुचेरीमा एन रंगासामीको नेतृत्वमा अखिल भारतीय राष्ट्रिय कांग्रेस (एआईएनआरसी) अन्तर्गत राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) सरकार फेरि गठन हुन गइरहेको छ। एन रंगासामीको एआईएनआरसी र उसका सहयोगीहरूले १८ सिट जितेका छन्।

**संशो. तमिलनाडु परिणाम**

तमिलनाडुमा अभिनेताबाट राजनेता बनेका विजयको पार्टी तमिलगा वेत्री कज़गम -टीवीकेले गठन पछि भएको पहिलो चुनावमा 108 सीट जीटेर इतिहास रचेको छ अनि सबै भन्दा ठुलो पार्टी बनेको छ । टीवीके प्रमुख सी. जोसेफ विजयले पेरम्बूर र तिरुची पूर्व दुवै सिटमा जित हासिल गरे । 234 सदस्यीय विधानसभामा सत्तारूढ़ द्रविड़ मुनेत्र कड़गम -डीएमकेले 59 सीट हासिल गरे, जबकि उसको मुख्य प्रतिद्वंद्वी अखिल भारतीय अन्ना द्रविड़ मुन्नेत्र कज़गमले 47 सीट जीते। मुख्यमंत्री एम. के. स्टालिन चेन्नईको कोलाथुरमा टीवीके उम्मीदवार वी. एस. बाबूले झन्डै आठ हजार सात सय मतको अंतरले पराजित हुनु भयो । उहाँको छोरो तथा उपमुख्यमंत्री उदयनिधि स्टालिनले चेपॉक-तिरुवल्लिकेनी सीट यथावत राख्न सफल भए । अर्को तिर भारतीय जनता पार्टी – भाजपाका केंद्रीय राज्य मंत्री एल. मुरुगन तिरुपुर जिल्लाको अविनाशी आरक्षित निर्वाचन क्षेत्रमा टीवीकेको कमाली एस. बाट पराजित भए । हाललिमा डीएमकेमा शामिल भएका पूर्व मुख्यमंत्री ओ. पन्नीरसेल्वमले बोदिनायकानूर निर्वाचन क्षेत्रबाट जीत दर्ता गरेका छन् ।

**टीवीके प्रमुख विजयले चाडै नै राज्यको अघिलो मुख्यमंत्रीको पदभार ग्रहण गर्ने सम्भावना छ । सरकार बनाउन उहाँको पार्टीलाई बहुमतको लागि 10 सीटको आवश्यकता रहेको छ ।**

**पिनाराई विजयन ने इस्तीफा दिया**

केरलममा राजनीतिक बदलाव बीच मुख्यमंत्री **पिनाराई विजयनले आफ्नो** पदबाट राजिनामा दिनु भएको छ । राज्यपाल **राजेंद्र विश्वनाथ आर्लेकर ले उहाँको राजिनामा** स्वीकार गर्नु भयो ।

तथापी,राज्यपालले पिनाराई विजयन सित नयाँ सरकारको शपथ ग्रहण सम्म कार्यवाहक मुख्यमंत्रीको रूपमा आफ्नो पदमा बनि रहन अनुरोध गर्नु भयो ।

**बीजेपी - पुद्दुचेरी पर्यवेक्षक**

भारतीय जनता पार्टीले पुद्दुचेरीमा विधायक दलको नेता चुन्नको लागि वरिष्ठ नेता तथा केंद्रीय मंत्री डॉ. मनसुख मांडविया साथै पुद्दुचेरीका प्रभारी निर्मल कुमार सुरानालाई केंद्रीय पर्यवेक्षक नियुक्त गरेको छ । यी नामहरुलाई भाजपा संसदीय बोर्डले मंजूरी दिएको छ ।

**उपचुनाव –**

पाँच राज्यका सात विधानसभा क्षेत्रमा भएको उपचुनावमा भारतीय जनता पार्टीले चार सिटमा जित हासिल गरेको छ भने कांग्रेसले दुई सिट जितेको छ ।

**प्रधान मंत्री**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नु भयो हिजको दिन ऐतिहासिक र अभूतपूर्व रहेको छ । उहाले पश्चिम बंगाल, असम, पुडुचेरी, तमिलनाडु र केरलाका जनता र पार्टी कार्यकर्ताहरूप्रति आभार व्यक्त गर्नु भयो। दिल्लीमा भाजपा मुख्यालयमा पार्टी कार्यकर्ताहरूलाई सम्बोधन गर्नु हुदै श्री मोदीले भन्नुभयो,यो देशको लागि नयाँ बिहानीको प्रतीक हो र मानिसहरूले भारतको महान लोकतन्त्र, प्रदर्शन राजनीति र 'एक भारत श्रेष्ठ भारत' को भावनामा आफ्नो विश्वास व्यक्त गरेका छन्। उहाले जनताको विश्वासका कारण फेरि एकपटक कमल फुलेको भन्दै खुसी व्यक्त गर्नु भयो । उहाले पार्टी कार्यकर्तालाई मार्गदर्शन गरेकोमा भाजपा अध्यक्ष नितिन नवीनको प्रशंसा गर्नु भयो । उहाले भन्नु भयो, 'जीत र हार लोकतन्त्र र राजनीति हो र यस पटक विश्वले देखेको छ कि भारतलाई किन लोकतन्त्रको जननी भनिन्छ। उहाले भन्नु भयो ,यो दिन भारतको लोकतन्त्र र संविधानको विजय हो।प्रधानमन्त्री मोदीले देशका बीसभन्दा बढी राज्यमा भाजपा-एनडीए सरकार रहेको र भाजपाको मन्त्र 'नागरिक नै भगवान हो' भन्नुभयो। उहाले भन्नु भयो कि पार्टी जनताको सेवामा समर्पित छ, त्यसैले मानिसहरूले भाजपामा अधिक भन्दा बढी विश्वास गरिरहेका छन्।उहाले जोड दिदै भन्नु भयो कि जनताले स्पष्ट रूपमा देखिरहेका छन् कि जहाँ भाजपा छ, त्यहाँ सुशासन र विकास छ। श्री मोदीले असमका जनताले भाजपा-एनडीएमा लगातार तेस्रो पटक विश्वास व्यक्त गरेको र यो ह्याट्रिक भएको बतउनु भयो बताए।

**byte**

**विदेश मंत्रालय - भारतीय नागरिक घायल**

संयुक्त अरब अमीरातका फुजैराहमा हिज भएको हमलामा तीन भारतीय नागरिक घाइते भएका छन् ।

अबू धाबी स्थित भारतीय दूतावासले एक बयानमा , प्रभावित भारतीय नागरिकहरुको उचित चिकित्सा देखभाल अनि कल्याण सुनिश्चित गर्न स्थानीय अधिकारिहरु सित संपर्क गरिएको बताएको छ ।

**तेल मूल्य** वृद्धि

कच्चा तेलको मूल्यमा हिज झन्डै छ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो 24 घण्टामा इरानले संयुक्त अरब इमिरेट्स र मध्यपूर्वी खाडी क्षेत्रमा जहाजहरुमा आक्रमण तीव्र पारेपछि इरानले उक्त वृद्धि भएको हो । अमेरिका र इरानबीच अप्रैलको शुरुआत मा युद्धविराम भए यता यो सबैभन्दा गम्भीर स्थिति मानिएको छ ।

ब्रेंट कच्चा तेल 6 दशमलव 27 डॉलर अर्थात् झन्डै 5 दशमलव 8 प्रतिशत बढेर 114 दशमलव 44 डॉलर प्रति बैरलमा बंद भयो । अर्को तिर अमरीकाको वेस्ट टेक्सास इंटरमीडिएट वा डब्ल्यू.टी.आई कच्चा तेल 4 दशमलव 48 डॉलर अर्थात् 4 दशमलव 4 प्रतिशत बढेर 106 दशमलव 42 डॉलर प्रति बैरलमा बन्द भयो ।

**आईपीएल क्रिकेट**

आई.पी.एल. क्रिकेटमा मुम्बई इन्डियन्सले लखनऊ सुपर जायन्ट्सलाई छ विकेटले पराजित गरेको छ। लखनउ सुपर जायन्ट्सले दिएको 229 रनको लक्ष्य मुम्बईले 18 ओवर 4 बलमा चार विकेट गुमाएर प्राप्त गर्यो । आज, दिल्ली कैपिटल्स अनि चेन्नई सुपर किंग्सको मुकाबला दिल्लीको अरुण जेटली स्टेडियममा साझ 7.30 बजे हुनेछ ।